राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ८ अंक ८७ २०८३ असोज २९ गते बिहिवार (15 Oct. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## गहवा माईमा दर्शनार्थीको भीड



दैनिक समाचारदाता
पर्सा २८ असोज । यहाँस्थित माईस्थान मन्दिरमा आज बिहानैदेखि भक्तजनको भीड लागेको छ । नवरात्र प्रारम्भ भएसँगै यहाँका शक्तिपीठमा पूजार्चना गर्नेको चहलपहल बढेको छ । माईस्थानमा वीरगञ्ज महानगरसहित आसपासका क्षेत्र तथा छिमेकी मुलुक भारतबाट पनि भक्तजन आएका छन् । वीरगञ्जका प्रमुख बजारमा बनाइएका पण्डालमा देवीका मूर्ति आकर्षक रूपमा सजाइएका छन् । घण्टाघर, माईस्थान र विर्तामाई पण्डालले सुन्दर भएका छन् ।

स्थानीय पूजा समितिहरूले झिलीमिली बत्ती, आकर्षक तोरण र सजावटी प्रवेशद्वारमार्फत बजार तथा चोकचौराहालाई सिँगारेका छन् ।

## दुई वर्षीया बालिकाको मृत्यु

दैनिक समाचारदाता
रौतहट २८ असोज । रौतहटको चन्द्रपुर नगरपालिका-८ मोतीपुरमा स्कुल बसको ठक्करबाट दुई वर्षीया बालिकाको मृत्यु भएको छ ।

सिन्धुरे घारीबाट चन्द्रपुरतर्फ आउँदै गरेको म.प्र.०३-००१ क २८७८ नम्बरको मुनलाइट एकेडेमीको स्कुल बसले आज बिहान करिब ११ बजे घरअगाडि सडक छेउमा खेलिरहेकी महिमा चौधरीलाई ठक्कर दिएको थियो ।

चन्द्रपुर नगरपालिका-८ मोतीपुर निवासी सिकेन्द्र चौधरीकी छोरी महिमाको बसको ठक्करबाट टाउकोको पछाडिको भागमा गम्भीर चोट लागेपछि घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

दुर्घटनामा संलग्न स्कुल बसलाई जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरले नियन्त्रणमा लिएको छ । यस्तै, बस चालक चन्द्रपुर नगरपालिका-४ निवासी कान्छा राईलाई नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ ।

## १० देशका लागि प्रस्तावित राजदूतको नाम अनुमोदन

दैनिक समाचारदाता
काठमाडौं २८ असोज । विभिन्न देशका लागि प्रस्तावित १३ राजदूतमध्ये १० जनाको नाम संसदीय सुनुवाइ समितिले अनुमोदन गरेको छ। बाँकी तीन जनाको नामबारे समितिको निर्णय सार्वजनिक हुन बाँकी रहेको छ।




समितिबाट भारत, चीन, अमेरिका, बेलायत, जर्मनी, इजरायल, ओमान, दक्षिण कोरिया, स्पेन र श्रीलंकाका लागि प्रस्तावित राजदूतको नाम अनुमोदन भएको हो।

अनुमोदित हुनेमा भारतका लागि डा. निश्चलनाथ पाण्डे, चीनका लागि कल्याणराज शर्मा,

बाँकी पृष्ठ ४मा

# रास्वपाले सार्वजनिक गर्‍यो उम्मेदवार छनोट रूपरेखा

### स्थानीय तहका प्रमुखदेखि वडा अध्यक्षसम्म छनोटमा १५ प्रतिशत विशेषाधिकार प्रयोग गर्न सकिने

दैनिक समाचारदाता
काठमाडौँ २८ असोज । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले स्थानीय तह निर्वाचनका लागि उम्मेदवार छनोटसम्बन्धी रूपरेखा सार्वजनिक गरेको छ। बुधबार सार्वजनिक गरिएको रूपरेखामा निश्चित पदका उम्मेदवार छनोट गर्दा पार्टी सचिवालयले अधिकतम १५ प्रतिशतसम्म विशेषाधिकार प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ।




रूपरेखाअनुसार सचिवालयले उम्मेदवार छनोटमा विशेषाधिकार प्रयोग गरेमा त्यसलाई पार्टी केन्द्रीय समितिबाट अनुमोदन गराउनुपर्नेछ। यस्तो व्यवस्था गाउँपालिका, नगरपालिका र उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख तथा वडा अध्यक्ष पदका उम्मेदवार छनोटमा लागू हुने उल्लेख छ।

त्यसैगरी, महानगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा वडा सदस्य पदका उम्मेदवार छनोटमा पनि अधिकतम १५ प्रतिशतसम्म विशेषाधिकार प्रयोग गर्न सकिने व्यवस्था रूपरेखामा गरिएको छ। रूपरेखाले निर्धारित विधि र प्रक्रियाबाट उम्मेदवार छनोट गर्न नसकिने असाधारण परिस्थिति उत्पन्न भएमा विशेष अनुमोदनको व्यवस्था पनि गरेको छ। रूपरेखाको बुँदा नम्बर ३० अनुसार, पार्टीबाट अनुमोदन भई लागू भएको उम्मेदवार छनोट प्रक्रियाभन्दा बाहिर गएर उम्मेदवार चयन गर्नुपर्ने अवस्था आएमा त्यस्तो निर्णयलाई पार्टी केन्द्रीय समितिमा तत्काल कायम रहेका सम्पूर्ण सदस्यको कम्तीमा दुई तिहाइ बहुमतबाट अनुमोदन गराउनुपर्नेछ।

यस्तो असाधारण अवस्थामा समेत पार्टी विधानअनुसार उम्मेदवार छनोटको वैकल्पिक प्रारूप अनिवार्य रहने व्यवस्था गरिएको छ। उक्त प्रारूपमा क्यान्डिडेट क्लब, लिडरसिप एकेडेमी र प्रारम्भिक निर्वाचनसम्बन्धी व्यवस्था समेट्नुपर्नेछ। यसका लागि रूपरेखामा पार्टी विधानको धारा ७(३), ६४ र ६५ उल्लेख गरिएको छ।

रास्वपाले सार्वजनिक गरेको उम्मेदवार छनोटसम्बन्धी रूपरेखामा उम्मेदवार चयनको विधि, विशेषाधिकारको प्रयोग तथा असाधारण परिस्थितिमा निर्णय अनुमोदन गर्नुपर्ने प्रक्रियालाई समेटिएको छ।

# मधेशका २१.३ प्रतिशत बालबालिका वञ्चितीकरणमा

### पाँच वर्षमुनिका २६.२ प्रतिशतमा पुड्कोपन, ६०.७ प्रतिशतले पाएनन् पर्याप्त र विविधतायुक्त आहार

दैनिक समाचारदाता
महोत्तरी, २८ असोज । मधेश प्रदेशका २१.३ प्रतिशत बालबालिका बहुआयामिक वञ्चितीकरणको अवस्थामा रहेको पाइएको छ। शिक्षा, स्वास्थ्य, पोषण तथा आधारभूत सुविधामा पहुँचको अवस्थाले प्रदेशका बालबालिकाको जीवनस्तर कमजोर रहेको देखाएको हो।



राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदनअनुसार मधेश प्रदेशमा पाँच वर्षमुनिका २६.२ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या छ। त्यस्तै, ६ देखि २३ महिनासम्मका ६०.७ प्रतिशत शिशु तथा बालबालिकाले पर्याप्त र विविधतायुक्त आहार पाउन सकेका छैनन्।

बालबालिकामा देखिएको यस्तो अवस्थाले उनीहरूको स्वास्थ्य, शारीरिक तथा मानसिक विकास र भविष्यमा अवसर प्राप्त गर्ने क्षमतामा असर पार्न सक्छ। यसले बालबालिकाको समग्र विकासका लागि पोषण, स्वास्थ्य, शिक्षा र आधारभूत सेवामा पहुँच विस्तार गर्नुपर्ने आवश्यकता देखाएको छ।

मधेश प्रदेश नीति तथा योजना आयोगका सदस्य नवल यादवले सम्भावनाले भरिपूर्ण प्रदेशमा बालबालिकाको अवस्था कमजोर रहनु चिन्ताको विषय भएको बताउनुभयो। उहाँले बालबालिकाको समग्र विकासका लागि शिक्षा, स्वास्थ्य, पोषण तथा आधारभूत सेवासम्बन्धी कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा जोड दिनुभयो। बालबालिकाको जीवनस्तर सुधार गर्न उनीहरूको आवश्यकता र समस्यालाई केन्द्रमा राखेर नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने उहाँको भनाइ छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका तथ्याङ्क अधिकारी ढुण्डीराज लामिछानेले बालबालिकामा देखिएको बहुआयामिक वञ्चितीकरण न्यूनीकरण गर्न शिक्षा, स्वास्थ्य र खानेपानीमा पहुँच विस्तारसँगै डिजिटल साक्षरतालाई समेत प्राथमिकता दिनुपर्ने बताउनुभयो।

प्रतिवेदनले विपन्न परिवारका बालबालिका तथा कम शैक्षिक स्तर भएका आमाका सन्तान बहुआयामिक वञ्चितीकरणको बढी जोखिममा रहने गरेको देखाएको छ। परिवारको आर्थिक अवस्था, आमाको शैक्षिक स्तर र आधारभूत सेवाको उपलब्धताले बालबालिकाको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्ने प्रतिवेदनमा उल्लेख छ।

बालबालिकाको अवस्था सुधार गर्न तथ्याङ्कमा आधारित योजना निर्माण, जोखिममा रहेका परिवारको पहिचान र लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याइएको छ।

मधेश प्रदेशमा बालबालिकाको पोषण, स्वास्थ्य, शिक्षा र आधार भूत सुविधामा पहुँच सुनिश्चित गर्न प्रदेश सरकार, स्थानीय तह तथा सरोकारवाला संस्थाबीच प्रभावकारी समन्वय आवश्यक देखिएको छ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्मिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

## सम्पादकीय

# बालबालिकाको भविष्यप्रति गम्भीर बनौँ

मधेश प्रदेशमा बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, आवास तथा सरसफाइको अवस्था राष्ट्रिय औसतभन्दा कमजोर देखिनु चिन्ताजनक विषय हो। बालबालिका राष्ट्रको भविष्य हुन्। उनीहरूको सर्वाङ्गीण विकासबिना समृद्ध समाज र समुन्नत प्रदेश निर्माणको कल्पना गर्न सकिँदैन। तर बालबालिकाका आधारभूत आवश्यकतामै ठूलो अन्तर देखिनुले मधेशको विकास, सामाजिक न्याय र सरकारी सेवा प्रवाहमाथि गम्भीर प्रश्न खडा गरेको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको 'नेपालमा बालबालिकाको बहुआयामिक वञ्चितीकरण प्रोफाइल, २०२६' ले मधेशको वास्तविक अवस्थालाई उजागर गरेको छ। प्रतिवेदनअनुसार राष्ट्रिय स्तरमा शिक्षाबाट ११.३ प्रतिशत, सरसफाइबाट २३.२ प्रतिशत, पोषणबाट ४२.२ प्रतिशत र आवासबाट ५७.५ प्रतिशत बालबालिका वञ्चित छन्। मधेशमा खानेपानीको पहुँचबाट वञ्चित बालबालिकाको हिस्सा ०.८ प्रतिशत मात्र हुनु सकारात्मक पक्ष हो। तर अन्य आधारभूत सूचकमा देखिएको कमजोरीले प्रदेशको विकासको प्राथमिकतामाथि पुनर्विचार गर्नुपर्ने आवश्यकता औँल्याएको छ।

बालबालिकाको कमजोर अवस्था गरिबी, अशिक्षा, सामाजिक विभेद, कमजोर जनचेतना र सार्वजनिक सेवाको प्रभावकारी कार्यान्वयनसँग जोडिएको छ। विशेषगरी दलित, मुस्लिम तथा आर्थिक रूपमा विपन्न समुदायका बालबालिका शिक्षा, स्वास्थ्य र पोषणजस्ता आधारभूत सुविधाबाट बढी प्रभावित हुन सक्छन्। यद्यपि, समस्याको सम्पूर्ण दोष कुनै समुदायको चेतनास्तरमा थोपर्नु उचित हुँदैन। राज्यले ती समुदायसम्म गुणस्तरीय सेवा, अवसर र सचेतना पुऱ्याउन नसक्नु पनि उत्तिकै महत्त्वपूर्ण पक्ष हो।

शिक्षा र स्वास्थ्यको जिम्मेवारी स्थानीय तहलाई दिइए पनि अपेक्षित सुधार हुन नसकेको गुनासोले सङ्घीय शासन प्रणालीको कार्यान्वयनमाथि बहस आवश्यक बनाएको छ। तर जिम्मेवारी फेरि सङ्घ वा प्रदेश सरकारलाई सुम्पिनु मात्र समाधान होइन। तीनै तहका सरकारबीच स्पष्ट जिम्मेवारी, प्रभावकारी समन्वय, पर्याप्त बजेट र परिणाममुखी अनुगमन आवश्यक छ। जिम्मेवारी हस्तान्तरणसँगै स्रोत, जनशक्ति र जवाफदेहिता सुनिश्चित हुनुपर्छ।

बालबालिकाको पोषण सुधारका लागि गर्भवती महिला तथा आमाको स्वास्थ्य, नियमित खोप, सन्तुलित आहार र स्वच्छ वातावरणमा विशेष ध्यान दिनुपर्छ। शिक्षामा पहुँच बढाउन विद्यालयको भौतिक पूर्वाधार सुधार, शिक्षकको उपलब्धता, छात्रवृत्ति तथा विद्यालय छाड्ने दर न्यूनीकरणका कार्यक्रम प्रभावकारी बनाउनुपर्छ। त्यसैगरी, सुरक्षित आवास, शौचालय र सरसफाइका सुविधालाई गरिब तथा सीमान्तकृत परिवारसम्म पुऱ्याउनु राज्यको दायित्व हो।

प्रतिवेदनमा पछिल्ला वर्षमा केही सूचकमा सुधार देखिनु सकारात्मक भए पनि त्यसलाई पर्याप्त उपलब्धि मान्न सकिँदैन। तथ्याङ्क सार्वजनिक गर्नु मात्र उपलब्धि होइन; त्यसका आधारमा नीति, योजना र बजेट निर्माण गरी वास्तविक परिवर्तन ल्याउनु महत्त्वपूर्ण हो। बालबालिकाको बहुआयामिक वञ्चितीकरण घटाउन प्रदेश सरकारले स्थानीय तहसँग मिलेर समयबद्ध कार्ययोजना बनाउनुपर्छ। उपलब्ध स्रोतको न्यायोचित वितरण र कार्यक्रमको नियमित मूल्याङ्कन पनि आवश्यक छ।

अन्ततः मधेशको समृद्धि सडक, भवन र अन्य भौतिक पूर्वाधारको विस्तारले मात्र मापन हुँदैन। प्रत्येक बालबालिकाले गुणस्तरीय शिक्षा, पर्याप्त पोषण, सहज स्वास्थ्य सेवा, सुरक्षित आवास र स्वच्छ वातावरण पाएको अवस्थाले मात्रै विकासको वास्तविक अर्थ स्थापित गर्छ। त्यसैले बालबालिकाको भविष्यलाई राजनीतिक प्रतिबद्धता र सरकारी योजनाको केन्द्रमा राख्नुपर्छ। आजका बालबालिकामाथि गरिने लगानी नै भोलिको समृद्ध मधेशको बलियो आधार हो।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# बालेन्द्र शाह रास्वपा हुन् ?



सन्तोष धिताल

नेपाली राजनीतिमा अहिले राष्ट्रिय स्वतन्त्र पार्टी र प्रधानमन्त्री बालेन्द्र शाहबिचको सम्बन्ध फरक किसिमको राजनीतिक प्रयोगका रूपमा देखिएको छ। कागजमा हेर्दा बालेन्द्र शाह राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कै वरिष्ठ नेता हुन्।

उनी रास्वपाबाट निर्वाचित सांसद हुन्, संसदीय दलका नेता हुन् र त्यही दलको समर्थनमा प्रधानमन्त्री बनेका छन्। तर राजनीतिक व्यवहार र उनको विगतको यात्रालाई हेर्दा बालेन्द्रको राजनीतिक पहिचान र रास्वपाको सङ्गठनात्मक पहिचान पूर्ण रूपमा एउटै होइन। यसै कारणले अहिले 'बालेन्द्र रास्वपा हुन् कि होइनन् ?' भन्ने प्रश्न राजनीतिक वृत्तमा बहसको विषय बनेको छ।

बालेन्द्र रास्वपामा प्रवेश गर्नुअघि नै नेपाली राजनीतिमा आफ्नो छुट्टै पहिचान बनाइसकेका व्यक्ति हुन्। उनी कुनै परम्परागत राजनीतिक दलको सङ्गठनबाट उठेर आएका नेता होइनन्। काठमाडौँ महानगरपालिकाको मेयरका रूपमा स्वतन्त्र उम्मेदवार बनेर उनले पाएको जनमत नै उनको राजनीतिक पुँजीको मुख्य आधार बनेको देखिन्छ। उनले पुराना दल र परम्परागत राजनीतिक शैलीप्रति असन्तुष्ट ठुलो समूहलाई आकर्षित गरे। त्यसैले उनको राजनीतिक अस्तित्व रास्वपाको सङ्गठनबाट जन्मिएको होइन। उनी आफ्नो छुट्टै राजनीतिक पहिचानसहित रास्वपामा जोडिएका हुन्।

अर्कोतर्फ रास्वपा पनि बालेन्द्र आएपछि मात्र बनेको पार्टी होइन। रवि लामिछानेको नेतृत्वमा पार्टी गठन भयो, छोटो समयमै सङ्गठन विस्तार भयो र २०७९ को निर्वाचनमा नयाँ राजनीतिक शक्तिका रूपमा स्थापित भयो। त्यसैले रास्वपा र बालेन्द्र दुवैको आफ्नै राजनीतिक पृष्ठभूमि छ। बालेन्द्रसँग व्यक्तिगत जनमत र लोकप्रियता थियो भने रास्वपासँग सङ्गठन, चुनावी संरचना र संसदीय शक्ति थियो। यही दुई फरक राजनीतिक शक्तिको आवश्यकता एक ठाउँमा आएपछि बालेन्द्र र रास्वपाबिच सहकार्यको वातावरण बनेको देखिन्छ।

बालेन्द्रका लागि रास्वपा आवश्यक हुनुको कारण पनि स्पष्ट छ। व्यक्तिगत रूपमा लोकप्रिय हुनु र देशको प्रधानमन्त्री बन्नु एउटै कुरा होइन। नेपालको संसदीय व्यवस्थामा प्रधानमन्त्री बन्न प्रतिनिधि सभामा बहुमतको समर्थन आवश्यक पर्छ। त्यसका लागि राजनीतिक दल र त्यसको संसदीय शक्ति आवश्यक हुन्छ। बालेन्द्रसँग जनमत थियो, तर प्रधानमन्त्री बन्न आवश्यक संसदीय संरचना थिएन। रास्वपासँग त्यो संरचना थियो। त्यसैले बालेन्द्रको राजनीतिक यात्रालाई सरकारको नेतृत्वसम्म पुऱ्याउन रास्वपाको संसदीय शक्ति महत्त्वपूर्ण भयो।

यता रास्वपालाई पनि बालेन आवश्यक थिए। बालेनसँग रास्वपाभन्दा बाहिरबाट बनेको बलियो व्यक्तिगत जनमत थियो। पुराना राजनीतिक दलप्रतिको असन्तुष्टि, नयाँ पुस्तामा देखिएको राजनीतिक चेतना र स्वतन्त्र राजनीतिक छविका कारण बालेन्द्रको नाम निर्वाचनमा निकै प्रभावशाली बनेको थियो। त्यसैले बालेनलाई आफ्नो राजनीतिक शक्तिसँग जोड्दा रास्वपाले आफ्नो चुनावी आधारलाई अझ विस्तार गर्न सक्ने अवस्था बन्यो। यस अर्थमा हेर्दा बालेन्द्र र रास्वपाको सम्बन्ध एकतर्फी होइन, दुवै पक्षको राजनीतिक आवश्यकताबाट बनेको सम्बन्ध जस्तो देखिन्छ।

यही कारणले बालेन्द्र रास्वपामा प्रवेश गरेको घटनालाई सामान्य पार्टी प्रवेशका रूपमा मात्र बुझ्नु पनि गलत हुन्छ। यो दुई फरक राजनीतिक शक्तिको मिलन थियो। एउटा पक्षमा रवि लामिछानेको नेतृत्वमा बनेको पार्टीको सङ्गठनात्मक शक्ति थियो भने अर्को पक्षमा बालेन्द्रको व्यक्तिगत जनमत र लोकप्रियता थियो। दुवैलाई एक ठाउँमा ल्याउँदा निर्वाचनमा ठुलो राजनीतिक शक्ति निर्माण गर्न सकिने सम्भावना देखिएको थियो। अहिले रास्वपा सरकारको नेतृत्वमा पुग्नुमा यी दुवै राजनीतिक शक्तिको योगदानलाई अलग-अलग ढङ्गले हेर्नुपर्ने हुन्छ।

तर बालेन्द्र रास्वपामा आएपछि उनको राजनीतिक व्यवहार भने परम्परागत पार्टी नेताको जस्तो देखिएको छैन। सामान्यतया कुनै राजनीतिक दलको वरिष्ठ नेता भएपछि पार्टीका बैठकमा नियमित सहभागी हुने, सङ्गठन विस्तारमा लाग्ने, कार्यकर्तासँग संवाद गर्ने, पार्टीभित्र आफ्नो राजनीतिक आधार बनाउने र संसदीय दलमा सक्रिय भूमिका खेल्ने अपेक्षा गरिन्छ। बालेनको गतिविधि हेर्दा भने उनको प्राथमिकता पार्टी सङ्गठनभन्दा सरकार सञ्चालनतर्फ बढी केन्द्रित भएको देखिन्छ। उनले आफ्नो राजनीतिक समय र ऊर्जा सरकार सञ्चालनमा लगाएको देखिन्छ।

रास्वपाको पार्टी राजनीतिमा सक्रिय हुने इच्छा भएको भए बालेन्द्र अर्थात् बालेनले पार्टीभित्र आफ्नो शक्ति विस्तार गर्ने अभ्यास गर्न सक्थे। उनले आफूनिकट समूह निर्माण गर्न सक्थे, पार्टीभित्र आफ्नो प्रभाव बढाउन सक्थे वा संसदीय दलमा आफ्नो बहुमत सुनिश्चित गर्ने प्रयास गर्न सक्थे। तर अहिलेसम्म त्यस्तो अभ्यास स्पष्ट रूपमा देखिएको छैन। बरु उनी प्रधानमन्त्रीको भूमिकामै बढी केन्द्रित देखिन्छन्। यसको अर्थ उनले पार्टीभित्र शक्ति निर्माण गर्न चाहँदैनन् भन्ने निष्कर्ष अहिले नै निकाल्न सकिँदैन। तर अहिलेसम्म उनको राजनीतिक प्राथमिकतामा सरकार सञ्चालन भएको भने देखिन्छ।

यसले रास्वपाभित्र एउटा फरक प्रकारको शक्ति संरचना निर्माण गरेको छ। पार्टीको सभापति रवि लामिछाने छन् भने सरकारको नेतृत्व बालेन्द्र शाहले गरिरहेका छन्। अर्थात् पार्टी र सरकारको नेतृत्व एउटै व्यक्तिको हातमा छैन। यो अवस्था आफैँमा समस्या होइन। धेरै संसदीय व्यवस्थामा पार्टीको नेतृत्व र सरकारको नेतृत्व फरक व्यक्तिले गरेका उदाहरण छन्। तर यस्तो अवस्थामा पार्टी र सरकारबिच राम्रो समन्वय आवश्यक हुन्छ। अन्यथा पार्टीभित्र दुईवटा शक्ति केन्द्र निर्माण हुन सक्छन्।

रास्वपाले सरकारको नेतृत्व गरेको ६ महिना पूरा भइरहँदा रास्वपाभित्र सरकार र पार्टीबिच असमझदारी बढेको आभास पनि नदेखिएको भने होइन। सरकारले महत्त्वपूर्ण निर्णयहरू गर्दा होस् या मन्त्रीहरू परिवर्तनका विषय, यी विषयमा पार्टी नेतृत्वसँग आवश्यक छलफल नगरेको चर्चा पनि रास्वपाभित्र भइरहँदा यो प्रश्न उठ्नु स्वाभाविक हो। तर यो विषयमा पार्टी सभापति रवि लामिछानेले नेपाली काङ्ग्रेसको महाधिवेशनका बेला स्पष्ट पार्ने प्रयास नगरेका होइनन्। उनले सरकार र पार्टीको विषय अलग-अलग भएकाले प्रधानमन्त्री दलको बैठकमा सहभागी हुने वा नहुने भन्दा पनि जिम्मेवारी नै प्रस्ट रूपमा बाँडफाँट गरिएको स्पष्टीकरण दिन बाध्य भए।

रवि लामिछानेले बाहिरी फोरमहरूबाट सरकार र पार्टीबिच कुनै असमझदारी नरहेको स्पष्टीकरण दिए पनि संसदीय दलका नेता बालेनको भूमिका अझ महत्त्वपूर्ण हुन्छ। संसदीय दलको नेता केवल नामको पद होइन। संसद्मा पार्टीका सांसदलाई समन्वय गर्ने, सरकारका विधेयक तथा नीतिलाई संसदीय दलमार्फत अघि बढाउने र पार्टीको संसदीय राजनीतिको नेतृत्व गर्ने जिम्मेवारी पनि यस पदसँग जोडिएको हुन्छ। त्यसैले संसदीय दलको बैठकमा नियमित सहभागिता र सांसदहरूसँग समन्वय गर्नु बालेनको राजनीतिक जिम्मेवारीकै एउटा हिस्सा हो। यही ठाउँमा उनको सक्रियतामाथि प्रश्न उठ्ने गरेको छ। बालेन्द्र पार्टीका नियमित बैठकमा सक्रिय रूपमा सहभागी नभएको र संसदीय दलको गतिविधिमा पनि अपेक्षाअनुसार देखिन नसकेको अवस्थामा स्वाभाविक रूपमा प्रश्न उठ्छ- यदि उनी रास्वपाका वरिष्ठ नेता र संसदीय दलका नेता हुन् भने पार्टी र संसदीय गतिविधिमा उनको सक्रियता कम किन छ ? यो प्रश्नको उत्तर बालेन आफैँले स्पष्ट रूपमा दिनुपर्ने विषय हो। प्रधानमन्त्रीका रूपमा सरकार सञ्चालन गर्नु उनको मुख्य जिम्मेवारी हो, तर संसदीय दलको नेता भएकाले पार्टीका सांसद र संसदीय गतिविधिसँगको सम्बन्धलाई पनि बेवास्ता गर्न मिल्दैन।

यद्यपि यसलाई आधार बनाएर बालेन रास्वपा होइनन् भन्नु तथ्यगत रूपमा सही हुँदैन। उनी औपचारिक रूपमा रास्वपाकै नेता हुन्। उनी रास्वपाबाट निर्वाचित सांसद हुन् र रास्वपाकै समर्थनमा प्रधानमन्त्री बनेका हुन्। तर राजनीतिक विश्लेषणको तहमा भने बालेनको राजनीतिक पहिचान र रास्वपाको सङ्गठनात्मक पहिचान फरक स्रोतबाट बनेको कुरा स्वीकार गर्नुपर्छ। बालेनको शक्ति उनको व्यक्तिगत जनमतबाट आएको हो भने रास्वपाको शक्ति सङ्गठन र पार्टी संरचनाबाट आएको हो।

यसैकारण रास्वपाका लागि बालेन आवश्यक छन्। बालेनसँग पार्टीको सङ्गठनभन्दा बाहिरबाट आएको जनमत छ। उनको राजनीतिक प्रभावलाई कमजोर बनाउनु रास्वपाका लागि सहज विषय हुँदैन। निर्वाचनको जनमतले पनि बालेनको भूमिका महत्त्वपूर्ण रहेको देखाएको छ। पार्टीले उनलाई प्रधानमन्त्री बनाउने प्रतिबद्धता जनाएको थियो र सोहीअनुसार सरकारको नेतृत्वमा पुऱ्याएको हो। त्यसैले अहिले रास्वपाका नेताहरूले बालेनसँग सहकार्य गर्नुको विकल्प खोज्ने बेला भएको देखिँदैन।

तर बालेन्द्र आवश्यक छन् भन्दैमा रास्वपाले आफ्नो संस्थागत पहिचान नै बालेन्द्रमा विलय गर्नुपर्ने होइन। पार्टी व्यक्तिभन्दा ठुलो संस्था हो। रास्वपाले आफूलाई एउटा व्यक्तिको लोकप्रियतामा मात्र आधारित पार्टी बनायो भने भविष्यमा समस्या आउन सक्छ। बालेन आज लोकप्रिय छन्, तर कुनै पनि राजनीतिक दलको दीर्घकालीन भविष्य एउटै व्यक्तिको लोकप्रियतामा निर्भर हुन सक्दैन। पार्टीको सङ्गठन, विचार, नीति, कार्यकर्ता र संस्थागत संरचना बलियो हुनुपर्छ।

त्यसैगरी बालेन्द्रले पनि रास्वपाको संसदीय शक्तिलाई केवल प्रधानमन्त्री बन्ने माध्यमका रूपमा मात्र हेर्नु उचित हुँदैन। उनले आफू रास्वपाको वरिष्ठ नेता र संसदीय दलको नेता भएको तथ्यलाई व्यवहारमा पनि स्थापित गर्नुपर्छ। पार्टीभित्र अनावश्यक गुटबन्दी गर्नु आवश्यक छैन, तर पार्टीका सांसद र सङ्गठनसँग नियमित संवाद गर्नु भने आवश्यक हुन्छ। प्रधानमन्त्रीको हैसियतमा सरकार चलाउने र संसदीय दलको नेताका रूपमा पार्टीका सांसदसँग समन्वय गर्ने दुवै भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न सके मात्र उनको राजनीतिक नेतृत्व संस्थागत हुँदै जान्छ।

तर यहाँ जोखिम पनि उत्तिकै ठुलो छ। यदि पार्टी र सरकारबिचको दूरी बढ्दै गयो, रवि र बालेनबिच राजनीतिक अविश्वास बढ्यो वा दुवै पक्षले आफ्नो शक्ति केन्द्र विस्तार गर्न थाले भने अहिलेको बलियो संरचना कमजोर हुन सक्छ। एउटा पार्टीभित्र दुईवटा राजनीतिक केन्द्र बन्नु आफैँमा समस्या होइन, तर ती केन्द्रबिच प्रतिस्पर्धा सुरु भयो भने समस्या गम्भीर हुन सक्छ। रास्वपाको अहिलेको चुनौती यही हो- बालेनको लोकप्रियता र पार्टीको संस्थागत शक्ति कसरी एउटै दिशामा लैजाने ?

रास्वपाका लागि बालेनलाई समर्थन गर्नुको अर्को कारण पनि यही हो कि बालेनको राजनीतिक असफलता अन्ततः सरकारको असफलताका रूपमा देखिन सक्छ र त्यसको राजनीतिक भार रास्वपामाथि पनि पर्छ। बालेन प्रधानमन्त्री बनेका छन् भने सरकारको सफलताको श्रेय मात्र बालेनलाई जाने अवस्था छैन। सरकारको असफलताको जिम्मेवारी पनि रास्वपामाथि आउँछ। त्यसैले पार्टीले बालेनलाई सफल बनाउन सहयोग गर्नुपर्छ। तर सहयोगको अर्थ सरकारका हरेक निर्णयमा आँखा चिम्लेर समर्थन गर्नु होइन। पार्टीले आवश्यक प्रश्न उठाउन, सुझाव दिन र सरकारलाई जवाफदेही बनाउन पनि सक्नुपर्छ।

अर्कोतर्फ बालेनले पनि सरकार चलाउँदा पार्टीको राजनीतिक आधारलाई बेवास्ता गर्न सक्दैनन्। सरकार संसद्बाट बनेको हो र संसद्मा रास्वपाका सांसद छन्। उनीहरूसँग नियमित समन्वय आवश्यक हुन्छ। मन्त्रीहरू पार्टीसँग जोडिएका छन्। पार्टीका कार्यकर्ता सरकारसँग जोडिएका छन्। यस्तो अवस्थामा सरकार र पार्टीबिच नियमित संवाद नहुने हो भने निर्णय कार्यान्वयनमा पनि समस्या आउन सक्छ।

बालेन्द्रको अहिलेको राजनीतिक शैलीलाई हेर्दा उनी परम्परागत पार्टी राजनीतिभन्दा शासन सञ्चालनमा बढी रुचि राख्ने नेताका रूपमा देखिएका छन्। यो उनको राजनीतिक शैलीको एउटा विशेषता हुन सक्छ। तर प्रधानमन्त्रीको जिम्मेवारी केवल प्रशासन चलाउने मात्र होइन। प्रधानमन्त्री राजनीतिक पद पनि हो। त्यसैले शासन र राजनीति दुवैलाई सन्तुलनमा राख्नुपर्ने हुन्छ। बालेनले आगामी दिनमा यही सन्तुलन कति प्रभावकारी रूपमा कायम गर्छन् भन्ने कुरा महत्त्वपूर्ण हुनेछ।

रास्वपाको दृष्टिकोणबाट हेर्दा पनि अब पार्टीले एउटा स्पष्ट निर्णय गर्नुपर्ने समय आएको छ। बालेनलाई पार्टीभित्रको प्रतिस्पर्धीका रूपमा हेर्ने कि पार्टीको राजनीतिक शक्तिका रूपमा उपयोग गर्ने ? यदि पार्टीले बालेनलाई बाहिरको व्यक्ति जस्तो व्यवहार गऱ्यो भने त्यो आफैँले गरेको राजनीतिक सम्झौतासँग बाझिन सक्छ। यदि बालेनलाई पार्टीभन्दा माथिको व्यक्तिका रूपमा व्यवहार गऱ्यो भने पार्टीको संस्थागत संरचना कमजोर हुन सक्छ। त्यसैले बिचको बाटो खोज्नुपर्ने हुन्छ।

त्यसबिचको बाटो भनेको बालेनको व्यक्तिगत राजनीतिक पहिचानलाई स्वीकार गर्दै उनलाई पार्टीको संस्थागत संरचनासँग जोड्नु नै हो। रास्वपाले बालेनलाई आफ्नो लोकप्रियताको स्रोतका रूपमा मात्र होइन, पार्टीको जिम्मेवार नेताका रूपमा पनि स्थापित गर्नुपर्छ। बालेनले पनि आफूलाई प्रधानमन्त्रीको कुर्सीमा सीमित नराखी पार्टी र संसदीय दलसँगको सम्बन्धलाई संस्थागत बनाउनुपर्छ।

'बालेन रास्वपा होइनन्' भन्ने कुरा भावनात्मक वा शाब्दिक अर्थमा भन्दा राजनीतिक अर्थमा बुझ्दा बढी उपयोगी हुन्छ। बालेन औपचारिक रूपमा रास्वपाकै नेता हुन्। अहिलेको वास्तविक अवस्था भनेको नै बालेन रास्वपाभित्र छन्, तर बालेनको सम्पूर्ण राजनीतिक अस्तित्व रास्वपामा मात्र निर्भर छैन। रास्वपालाई बालेनको जनमत आवश्यक छ, तर रास्वपाको संस्थागत शक्ति पनि बालेनका लागि आवश्यक छ। यही पारस्परिक आवश्यकताले अहिले दुवैलाई एकै ठाउँमा राखेको छ।

अब प्रश्न उनीहरू छुट्टिन्छन् कि मिल्छन् भन्ने होइन। प्रश्न यो हो कि यो सम्बन्ध कति संस्थागत बन्न सक्छ। यदि बालेनले सरकारको नेतृत्वसँगै पार्टी र संसदीय दलसँग नियमित समन्वय गरे, रविले पार्टीको नेतृत्व गर्दै सरकारलाई आवश्यक राजनीतिक सहयोग दिए र दुवै पक्षले एकअर्काको अधिकार क्षेत्रलाई सम्मान गरे भने यो सम्बन्ध लामो समयसम्म चल्न सक्छ। तर यदि लोकप्रियता र सङ्गठनबिच शक्ति सङ्घर्ष सुरु भयो भने अहिलेको राजनीतिक समीकरण कमजोर हुन सक्छ।

अहिलेको अवस्थामा रास्वपाले बालेनलाई गुमाउन सक्दैन र बालेनले पनि रास्वपाको संसदीय शक्तिलाई बेवास्ता गर्न सक्दैनन्। दुवैको शक्ति फरक ठाउँबाट आएको हो। अब त्यसलाई प्रतिस्पर्धामा होइन, सहकार्यमा बदल्ने जिम्मेवारी दुवै पक्षको हो। साभारः रातोपाटीडटकम

# मिथिलामा लोप हुदै सिकीघांसका सामग्री



कैलाश दास

जनकपुरधाम । मिथिला प्राचीनकालदेखि नै कला, संस्कृति र परम्पराको धनी क्षेत्रका रूपमा परिचित छ । यहाँका मौलिक कलामध्ये केहीले व्यावसायिक रूप धारण गरेपछि निरन्तरता पाएका छन् भने व्यावसायिक विकास हुन नसकेका कतिपय कला र सीप क्रमशः लोप हुँदै गएका छन्। यस्तै लोपोन्मुख कलामध्ये सिकी घाँसबाट विभिन्न कलात्मक सामग्री निर्माण गर्ने परम्परा पनि एक हो।



मिथिलामा सिकी घाँसबाट बनाइने सामग्रीको विशेष महत्त्व छ। कुनै समय विवाह, पूजाआजा तथा अन्य शुभकार्यमा भाँडोपौती, ढक्की, पौती, पान राख्ने पनबट्टा र विभिन्न सजावटी सामग्री उपहारका रूपमा दिने चलन थियो। तर आधुनिक सामग्रीको बढ्दो प्रयोगसँगै यस्ता परम्परागत वस्तुको प्रचलन घट्दै गएको छ। विशेषगरी विवाहमा नयाँ दुलहीलाई मायाको चिनोस्वरूप सिकी घाँसबाट बनेका सामग्री दिने परम्परासमेत कमजोर बन्दै गएको छ।

मैथिली साहित्यका महाकवि विद्यापतिको काव्यमा समेत सिकी घाँसबाट निर्मित वस्तुहरूको प्रसङ्ग पाइने उल्लेख गरिन्छ। यसले



मिथिलाको जनजीवनमा यस्ता सामग्रीको सांस्कृतिक महत्त्व र ऐतिहासिक सम्बन्ध रहेको सङ्केत गर्छ।

वैदिक परम्परामा पूजाआजा, विवाह तथा यज्ञजस्ता पवित्र कार्यमा कुशको प्रयोग हुँदै आएको पाइन्छ। मिथिला कृषि प्रधान क्षेत्र भएकाले यहाँका महिलाले गहुँ र धानका छ्वालीबाट समेत ढक्की, डलिया र अन्न राख्ने विभिन्न सामग्री बनाउँदै आएका छन्। सिकी घाँसबाट सामग्री निर्माण गर्नु पनि यही स्थानीय स्रोत, सीप र सृजनशीलतासँग जोडिएको परम्परा हो।

मिथिलाका युवतीले सिकी घाँसबाट सिक र मञ्जुसहित विभिन्न कलात्मक सामग्री बनाउने परम्परा छ। विवाहपछि माइतीबाट ससुरालीमा यस्ता सामग्री पठाउने चलनसमेत रहिआएको छ। दुलहीले आफ्नै हातले बनाएका सामग्रीले उनको कलात्मक क्षमता, धैर्य र सिर्जनशीलता झल्काउने भएकाले परिवार तथा समाजमा त्यसको विशेष सम्मान गरिन्थ्यो। यसरी पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको यो सीप महिलाको सांस्कृतिक पहिचानसँग पनि जोडिएको छ।

भदौ-असोजतिर सिकी घाँस काटेर सुकाइन्छ। त्यसको टुप्पोमा रहेको फूल हटाई घाँसलाई सुरक्षित रूपमा राखिन्छ। वर्षभरि आवश्यकताअनुसार त्यसैबाट विभिन्न सामग्री तयार गरिन्छ। महिलाले आफ्ना आफन्त र नातेदारलाई कोसेलीका रूपमा समेत सिकीबाट बनेका वस्तु पठाउने गर्छन्। मौनी, पौती, खेलौना, मुपत र पथियाजस्ता सामग्री यसको उदाहरण हुन्।

सिकीका सामग्री बनाउन सामान्यतया माटोको सियो र काट्ने छुरी वा हँसिया प्रयोग गरिन्छ। सियोको सहायताले घाँसलाई आवश्यक आकारमा बुन्दै विभिन्न आकृति तयार पारिन्छ। परम्परागत रूपमा घरआँगनमा फुर्सदको समयमा महिलाले यस्ता सामग्री बनाउने गर्थे। पछि यही सीप घरेलु उपयोगका वस्तु निर्माण गर्ने माध्यम बन्यो। सिकी घाँसलाई विभिन्न रङले सजाउँदा सामग्री अझ आकर्षक देखिने भएकाले यसको प्रयोग घरायसी कामदेखि उपहार र सजावटसम्म फैलिएको थियो।

सिकी कलामा महिलाको सीप मात्र होइन, उनीहरूको कल्पनाशीलता, सौन्दर्यबोध र लोकजीवनप्रतिको दृष्टिकोण पनि अभिव्यक्त हुन्छ। त्यसैले यसलाई सामान्य हस्तकलाका रूपमा मात्र नभई मिथिलाको सामाजिक र सांस्कृतिक जीवन, परम्परागत विश्वास तथा स्थानीय जनजीवनको प्रतिनिधित्व गर्ने मौलिक सम्पदाका रूपमा लिन सकिन्छ।

समय परिवर्तनसँगै सिकी कलाले केही व्यावसायिक रूप लिन थालेको भए पनि अपेक्षित विकास हुन सकेको छैन। आधुनिक जीवनशैलीप्रति युवायुवतीको बढ्दो आकर्षण, परम्परागत सीपप्रतिको जानकारीको कमी र बजारको सीमितताले यो कला थप सङ्कटमा परेको छ। नयाँ पुस्तालाई यसको ज्ञान र सीप हस्तान्तरण गर्न नसकिएमा पुस्तौँदेखि जोगिँदै आएको यो सम्पदा हराउने जोखिम छ।

हाल सिकी घाँसबाट ढक्की, सुप, डलिया र अन्न राख्ने सामग्रीका अतिरिक्त कलमदान, कागज थिच्ने वस्तु, कलात्मक मूर्ति, भित्तामा झुन्ड्याउने सजावटी सामग्री तथा झोलासमेत बनाइन्छ। यस्ता सामग्रीमा स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण बढाउन सकिने सम्भावना छ। मौलिकता र उपयोगिता दुवै बोकेका यी सामग्रीलाई उचित बजार उपलब्ध गराउन सके सिकी कला संरक्षणसँगै स्थानीय महिलाको आम्दानी बढाउने माध्यमसमेत बन्न सक्छ।

यसका लागि स्थानीय सरकार, सम्बन्धित सङ्घसंस्था र सरोकारवालाले सीप विकास तालिम, उत्पादनको गुणस्तर सुधार, बजार व्यवस्थापन तथा प्रचारप्रसारमा ध्यान दिन आवश्यक छ। विद्यालय र समुदायस्तरमा नयाँ पुस्तालाई यस कलासँग परिचित गराउनु पनि उत्तिकै महत्त्वपूर्ण छ। परम्परागत सीपलाई आधुनिक आवश्यकतासँग जोड्दै व्यावसायिक अवसर सिर्जना गर्न सके सिकी कला केवल विगतको सम्झनामा सीमित हुने छैन, बरु मिथिलाको सांस्कृतिक पहिचान र महिलाको आत्मनिर्भरताको आधार बन्न सक्नेछ।

# अधिकार नदिएको भन्दै संघीय सरकारविरुद्ध मुख्यमन्त्रीहरू आक्रोशित

दैनिक समाचारदाता

विराटनगर २८ असोज । संविधान जारी भएको एक दशक पुग्न लाग्दासमेत प्रदेशलाई संविधानप्रदत्त अधिकार हस्तान्तरण नभएको भन्दै सातै प्रदेशका मुख्यमन्त्रीले संघीय सरकारप्रति असन्तुष्टि जनाएका छन्। संघीय सरकारको केन्द्रीकृत कार्यशैली, कानुन निर्माणमा ढिलाइ र प्रदेशलाई 'सेतो हात्ती' भन्ने भाष्यप्रति उनीहरूले आक्रोश व्यक्त गरेका छन्।

कोशी प्रदेशको राजधानी विराटनगरमा मंगलबार आयोजित दुईदिने अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनमा सहभागी मुख्यमन्त्रीहरूले अधिकार र स्रोतसाधन नदिई प्रदेशबाट परिणाम खोज्ने प्रवृत्तिको विरोध गरे। उनीहरूले संघीयता कार्यान्वयनका लागि साझा दबाब सिर्जना गर्दै प्रधानमन्त्रीसमक्ष निर्णायक वार्ता गर्ने घोषणा पनि गरेका छन्।

सम्मेलनको उद्घाटनपछि कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले संघीयताको सफलता प्रदेश संरचनाको प्रभावकारितामा निर्भर रहने बताए। उनले कुल चालु खर्चमा सातै प्रदेशको हिस्सा करिब ४ देखि ५ प्रतिशत मात्र रहेको उल्लेख गर्दै प्रदेशलाई खर्चिलो संरचना भनेर आलोचना गर्नु तथ्यविपरीत भएको जिकिर गरे।

संविधानमा प्रदेशका अधिकार क्षेत्र स्पष्ट हुन नसकेको भन्दै उनले आगामी संविधान संशोधनमा एकल तथा साझा अधिकार सूचीलाई द्विविधारहित बनाउनुपर्ने बताए। निजामती, प्रहरी, शिक्षा र स्वास्थ्यसम्बन्धी कानुन निर्माणमा भइरहेको ढिलाइ अन्त्य गर्नुपर्ने उनको माग थियो।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रमुख राजनीतिक दलका शीर्ष नेतृत्व संघीयता कार्यान्वयनप्रति इमानदार नदेखिएको आरोप लगाए। २०८० असारमा पोखरामा तत्कालीन प्रधानमन्त्रीसमक्ष बुझाइएका १७ बुँदे साझा मागमध्ये १६ वटा अझै कार्यान्वयन नभएको उनले बताए।

प्रहरी समायोजन र निजामती सेवा ऐन निर्माणमा भएको ढिलाइप्रति असन्तुष्टि जनाउँदै उनले प्रदेशलाई अधिकारविहीन बनाएर परिणाम खोज्नु उचित नभएको टिप्पणी गरे। संघीय सरकारले अधिकार दिन नचाहने र प्रदेशले निरन्तर आलोचना मात्र खेप्नुपर्ने अवस्था रहे संघीय व्यवस्थाबारे नै पुनर्विचार गर्नुपर्ने परिस्थिति आउन सक्ने उनको चेतावनी थियो।

महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क उद्धृत गर्दै पाण्डेले कुल प्रशासनिक खर्चमा संघको हिस्सा ५०.४७ प्रतिशत, स्थानीय तहको ४४.८४ प्रतिशत र प्रदेशको ४.६९ प्रतिशत रहेको बताए।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशले संविधानमा उल्लेख भएका एकल तथा साझा अधिकार कार्यान्वयन गर्न मात्र खोजेको स्पष्ट पारे। प्रदेश मातहत प्रहरी नआउनु, संघीय निजामती ऐन जारी नहुनु तथा शिक्षा र वनसम्बन्धी कानुनका कारण प्रदेशको कार्यक्षमता सीमित हुनु दुःखद रहेको उनको भनाइ थियो।

उनले विद्यालय समायोजन तथा शिक्षक व्यवस्थापनमा समेत प्रदेशको अधिकार सीमित रहेको उल्लेख गर्दै संघीय सरकारले प्रदेशका मागलाई बेवास्ता गर्न नहुने बताए।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशहरू सबल नभएसम्म संघीयता सफल हुन नसक्ने बताए। उनले प्रदेश प्रहरी ऐन बनेको पाँच वर्ष बितिसक्दा पनि प्रहरी समायोजन हुन नसकेकोमा आपत्ति जनाए।

प्रदेशमा संघले आफूखुसी सचिव पठाउने प्रवृत्तिले प्रादेशिक स्वायत्ततामा असर परेको उल्लेख गर्दै उनले समानान्तर संरचना निर्माण गर्न नहुने बताए। वित्तीय संघीयतालाई प्रभावकारी बनाउन साना आयोजनासम्बन्धी संघीय निर्णयमा पुनर्विचार, ट्राफिक जरिवानाको रकम प्रदेश सञ्चित कोषमा दाखिला तथा रोयल्टी समयमै हस्तान्तरण गर्नुपर्ने माग पनि उनले अघि सारे।

मुख्यमन्त्री यादवले मधेशलाई कृषि केन्द्रका रूपमा विकास गर्ने, सिमरालाई अन्तरप्रदेश हवाई केन्द्र बनाउने, जनकपुर-लुम्बिनी पर्यटन सर्किट निर्माण गर्ने तथा बाढी र डुबान नियन्त्रणका लागि साझा नदी प्रणाली विकास गर्ने प्रस्तावसमेत प्रस्तुत गरे।

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले संघीयताको उद्देश्य सिंहदरबारमा केन्द्रित अधिकार प्रदेशको राजधानीमा सार्नु मात्र नभई नागरिकको घरदैलोसम्म शासन र सेवा पुऱ्याउनु भएको बताए। संविधानको परिकल्पना र कार्यान्वयनबीच ठूलो खाडल रहेको उल्लेख गर्दै उनले अन्तरप्रदेश विपद् व्यवस्थापन तथा राहत कोष स्थापना गर्न प्रस्ताव गरे।

कर्णाली प्रदेशका मुख्यमन्त्री मंगलबहादुर शाहीले प्रशासनिक तथा वित्तीय अधिकारको अभावले कर्णालीको सम्भावना उपयोग गर्न नसकिएको बताए। जलस्रोत, जडीबुटी, कृषि र पर्यटनमा सम्भावना हुँदाहुँदै कानुन तथा अधिकारको अभावले विकास प्रभावित भएको उनको भनाइ थियो।

सम्मेलनमा अन्तरप्रदेश कृषि मूल्य शृंखला, पर्यटन सर्किट, पूर्वाधार सम्पर्क सञ्जाल, विपद् प्रतिकार्य र नवप्रवर्तनमा सहकार्य गर्नुपर्ने प्रस्तावसमेत प्रस्तुत गरिएको छ। सम्मेलनलाई नियमित औपचारिकतामा सीमित नराखी स्थायी संयन्त्रका रूपमा अन्तरप्रदेश मुख्यमन्त्री साझेदारी मञ्च गठन गर्नुपर्ने धारणा पनि अघि सारिएको छ।

विराटनगर सम्मेलनले संविधानप्रदत्त अधिकारको कार्यान्वयन, प्रहरी समायोजन, निजामती सेवा ऐन निर्माण, वन तथा शिक्षा कानुन संशोधन र वित्तीय संघीयतालाई प्रभावकारी बनाउन साझा घोषणापत्र जारी गर्ने तयारी गरेको छ। अधिकार हस्तान्तरणका विषयमा सातै प्रदेश एकजुट भएर प्रधानमन्त्रीसमक्ष निर्णायक वार्ता गर्ने तयारीले संघीयता कार्यान्वयनको बहसलाई थप तीव्र बनाएको छ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# झिझिया नृत्यमा परम्परा र अन्धविश्वासको बहस

## दलित बालबालिकालाई मात्र सहभागी गराउने चलनप्रति असन्तुष्टि, संस्कृतिको संरक्षणसँगै सामाजिक विभेद हटाउनुपर्नेमा जोड



दैनिक समाचारदाता
लहान, २८ असोज । मिथिलाको मौलिक लोकसंस्कृतिका रूपमा परिचित झिझिया नृत्यको संरक्षण र यससँग जोडिएका सामाजिक अभ्यासबारे बहस सुरु भएको छ। दसैँका बेला दुर्गापूजासँगै प्रस्तुत गरिने यो नृत्यलाई धार्मिक तथा सांस्कृतिक परम्पराका रूपमा लिइए पनि यसमा दलित बालबालिकालाई मात्र सहभागी गराउने चलनप्रति असन्तुष्टि व्यक्त हुन थालेको छ। शिक्षक रामविहारी साहले झिझिया नृत्य धार्मिक परम्पराअनुसार दुष्ट शक्तिबाट रक्षा हुने तथा भूतप्रेत र बोक्सीको प्रभाव कम हुने विश्वासका साथ प्रस्तुत गरिँदै आएको बताउनुभयो। उहाँले मौलिक परम्पराको संरक्षण गर्नुपर्ने भए पनि अन्धविश्वासलाई बढावा दिने गतिविधि गर्न नहुनेमा जोड दिनुभयो।

जनता समाजवादी पार्टीकी केन्द्रीय सदस्य तथा प्रदेशसभा सदस्य ललितादेवी दासले झिझिया नृत्यमा दलित बालबालिकालाई मात्र सहभागी गराउने परम्परामाथि प्रश्न उठाउनुभएको छ। लहान नगरपालिका-७ स्थित दुर्गा मन्दिरअगाडि घटस्थापनादेखि हरेक साँझ प्रस्तुत गरिने नृत्यमा सबै समुदायका बालबालिकाको सहभागिता सुनिश्चित गर्नुपर्ने उहाँको भनाइ छ।

मन्दिरका संरक्षकसमेत रहनुभएका लहान नगरप्रमुख महेशप्रसाद चौधरीप्रति असन्तुष्टि व्यक्त गर्दै दासले परम्पराका नाममा कुनै समुदायका बालबालिकालाई मात्र निश्चित भूमिकामा सीमित राख्नु उचित नहुने बताउनुभयो।

उहाँले सर्प वा कुकुरले टोक्दा अस्पतालमा उपचार गराउनुपर्नेमा धामीझाँक्रीकहाँ जाने प्रवृत्तिले ज्यानसमेत जोखिममा पार्ने गरेको उल्लेख गर्दै अन्धविश्वासबाट मुक्त हुन शिक्षा र जनचेतना आवश्यक रहेको बताउनुभयो। उहाँका अनुसार संस्कृतिको संरक्षणका नाममा समाजलाई अन्धविश्वासमा अल्झाउने अभ्यासलाई निरन्तरता दिनु हुँदैन। मानवअधिकारकर्मी राजकुमार राउतले झिझिया नृत्यमा देखिएका सामाजिक विकृति हटाउनुपर्ने बताउनुभयो। उहाँले आर्थिक तथा सामाजिक रूपमा पछाडि पारिएका समुदायलाई अन्धविश्वासबाट मुक्त गराउन शिक्षा, स्वास्थ्य सेवा र जनचेतनामूलक कार्यक्रम आवश्यक रहेको धारणा राख्नुभयो।

त्यस्तै, नागरिक अगुवा दिनेश यादवले समाजमा बोक्सीसम्बन्धी अन्धविश्वासका कारण महिलामाथि हिंसा हुने गरेको उल्लेख गर्दै यस्ता कुप्रथाविरुद्ध सचेतना बढाउनुपर्ने बताउनुभयो।

मिथिलाको सांस्कृतिक पहिचान बोकेको झिझिया नृत्यको संरक्षणसँगै यसमा देखिएका विभेदपूर्ण अभ्यास र अन्धविश्वासबारे खुला बहस आवश्यक देखिएको छ। लोकसंस्कृतिको मौलिकता जोगाउनुका साथै सबै समुदायको सम्मानजनक सहभागिता सुनिश्चित गर्नु र वैज्ञानिक चेतनाको विकास गर्नु आजको आवश्यकता हो।

# एक लाख ३० हजार १२९ यात्रुले लिए दसैँका लागि अग्रिम टिकट

दैनिक समाचारदाता
काठमाडौँ २८ असोज । नेपालीको महान् पर्व बडादसैँ नजिकिएसँगै काठमाडौँ उपत्यकाबाट आफ्नो घर फर्किने यात्रुको चाप बढ्न थालेको छ । दसैँ मनाउन राजधानीमा अध्ययन, रोजगारी तथा विभिन्न पेसा-व्यवसायमा संलग्न मानिस धमाधम गाउँ फर्कन थालेका छन् ।

काठमाडौँ उपत्यकाका विभिन्न नाकामा देशका विभिन्न जिल्ला जाने लामो तथा छोटो दूरीका सार्वजनिक यातायातमा यात्रुको चहलपहल बढेको छ । दसैँमा परिवार तथा आफन्तसँग भेटघाट गरी चाडपर्व मनाउन सङ्ख्या बढेसँगै यातायात व्यवसायीलाई यात्रु व्यवस्थापन गर्न समस्या परेको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका कोषाध्यक्ष एवं नेपाल माइक्रोबस कम्पनीका अध्यक्ष राजेन्द्र आचार्यले सडक बाटोका कारण यातायात व्यवस्थापनमा समस्या भइरहेको बताउनुभयो ।

"दसैँको मुखमा विभिन्न राष्ट्रिय राजमार्ग बिग्रँदा सवारीसाधन समयमा गन्तव्यमा पुग्न तथा काठमाडौँ आउन समस्या हुँदा सवारीसाधन व्यवस्थापनमा समस्या परेको छ", उहाँले भन्नुभयो ।

असोज २३ गते अग्रिम बस टिकट बुकिङ खुला गरेको दिन




यात्रुहरू गाउँ फर्किने क्रम बढेको हो ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रविन्द्र खनालले दसैँ मनाउनका लागि काठमाडौँका विभिन्न नाका हुँदै मङ्गलबार बिहानदेखि आज बिहानसम्म २४ घण्टामा ७८ हजार १३८ यात्रु बाहिरिएको जानकारी दिनुभयो । घटस्थापना सुरु भएदेखि हालसम्म सार्वजनिक सवारीसाधनको प्रयोग गरेर एक लाख ८७ हजार ७७४ यात्रु उपत्यकाबाट बाहिरिएका छन् । ट्राफिक प्रहरी कार्यालयका अनुसार असोज २५ गते ५२ हजार ८२७, असोज २६ गते ५६ हजार ८०९ यात्रु बाहिरिएका छन् ।

काठमाडौँबाट दसैँ मनाउनका लागि फर्पिङ, नागढुङ्गा, थानकोट, भीमढुङ्गा, तीनपिप्ले, साँखु, भक्तपुरको जगाती र ललितपुरको भट्टेडाँडा नाका हुँदै यात्रु बाहिरिएका हुन् ।

दसैँका लागि घर फर्किने यात्रुको धादिङको गलौँदीस्थित पृथ्वी राजमार्ग भाँसिदा सवारीसाधन आवागमन अवरुद्ध हुँदा धेरै सवारीसाधन काठमाडौँमा रोकिँदा समस्या भएको थियो । हालसम्म एक लाख ३० हजार १२९ यात्रुले दसैँका लागि अग्रिम टिकट बुकिङ लिएका छन् । ट्राफिक प्रहरी कार्यालयका अनुसार असोज २३ गते २१ हजार ३००, असोज २४ र २५ गते ७६ हजार ७९, असोज २६ गते १७ हजार १९७ र असोज २७ गते १५ हजार ५५३ यात्रुले अग्रिम टिकट बुकिङ गरेका छन् । यातायात महासङ्घले यात्रुलाई टिकट काटेर मात्र यात्रा गर्न, तोकिएको भाडा तिर्न र सवारीसाधनको अवस्था जाँच गरेर यात्रा गर्न आग्रह गरेको छ । दसैँले परिवार, आफन्त र समुदायबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने भएकाले रोजगारी तथा अध्ययनका लागि राजधानीमा बसोबास गर्दै आएका मानिस चाडपर्व मनाउन घर फर्किने क्रम हरेक वर्ष बढ्ने गरेको छ । रासस

# वैदेशिक सहायता प्रतिबद्धता ४१ प्रतिशतले घट्यो

## सार्वजनिक ऋण २९ खर्ब ८१ अर्ब नाघ्यो, कुल गार्हस्थ उत्पादनको ४५.१८ प्रतिशत पुग्यो




दैनिक समाचारदाता
काठमाडौँ २८ असोज । गत आर्थिक वर्ष २०८२/८३ मा नेपालले प्राप्त गर्ने वैदेशिक सहायता प्रतिबद्धतामा ४०.९ प्रतिशतले गिरावट आएको छ। अर्थ मन्त्रालयले सार्वजनिक गरेको वार्षिक अर्थ बुलेटिनअनुसार उक्त आर्थिक वर्षमा एक खर्ब ६१ अर्ब ४६ करोड रुपैयाँ बराबरको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको छ।

आर्थिक वर्ष २०८१/८२ मा दुई खर्ब ७३ अर्ब पाँच करोड रुपैयाँ बराबरको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको थियो। त्यसको तुलनामा गत आर्थिक वर्ष सहायता प्रतिबद्धतामा उल्लेख्य कमी आएको हो। कुल वैदेशिक सहायता प्रतिबद्धतामध्ये बहुपक्षीय विकास साझेदारको हिस्सा ६३.६ प्रतिशत र द्विपक्षीय साझेदार मुलुकको हिस्सा ३६.४ प्रतिशत रहेको अर्थ मन्त्रालयले जनाएको छ।

गत आर्थिक वर्षमा सरकारले प्राप्त गरेको वैदेशिक सहायता पनि अघिल्लो वर्षको तुलनामा घटेको छ। सरकारले अनुदानतर्फ ३२ अर्ब ८४ करोड रुपैयाँ र ऋणतर्फ एक खर्ब १६ अर्ब ४४ करोड रुपैयाँ प्राप्त गरेको छ। यो कुल वैदेशिक सहायता प्राप्ति अघिल्लो आर्थिक वर्षको तुलनामा ४.७ प्रतिशत कम हो।

यद्यपि, अनुदान प्राप्ति १०.७ प्रतिशतले बढेको छ भने ऋण प्राप्ति ८.३ प्रतिशतले घटेको छ। आर्थिक वर्ष २०८१/८२ मा सरकारले एक खर्ब २६ अर्ब रुपैयाँ वैदेशिक ऋण प्राप्त गरेको थियो।

***सार्वजनिक ऋण २९ खर्ब ८१ अर्ब नाघ्यो***

नेपालको सार्वजनिक ऋण भने निरन्तर बढिरहेको छ। अर्थ मन्त्रालयको तथ्याङ्कअनुसार २०८३ असार मसान्तसम्म सरकारको कुल सार्वजनिक ऋण २९ खर्ब ८१ अर्ब ७० करोड रुपैयाँ पुगेको छ।

आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब पाँच करोड रुपैयाँ थियो। त्यसको तुलनामा गत आर्थिक वर्षमा सार्वजनिक ऋण ११.५१ प्रतिशतले बढेको हो।

भूकम्पपछिको पुनर्निर्माण, सङ्घीयता कार्यान्वयन तथा कोभिड महामारीको प्रभाव न्यूनीकरण गर्न सरकारले अवलम्बन गरेका उपायलगायतका कारण सार्वजनिक ऋण बढ्दै गएको मन्त्रालयले जनाएको छ। कुल सार्वजनिक ऋण वृद्धिमा विनिमय दरमा भएको परिवर्तनबाट उत्पन्न घाटाको हिस्सा ५५.५१ प्रतिशत रहेको पनि बुलेटिनमा उल्लेख छ।

दस वर्षअघि कुल गार्हस्थ उत्पादन (जीडीपी) को तुलनामा सार्वजनिक ऋणको अनुपात २२.६७ प्रतिशत रहेकोमा अहिले बढेर ४५.१८ प्रतिशत पुगेको छ। सार्वजनिक ऋणको अनुपातमा भएको यो वृद्धिले मुलुकको वित्तीय व्यवस्थापन र ऋणको दिगोपनमाथि थप ध्यान दिनुपर्ने आवश्यकता देखाएको छ।

# १० देशका .................

अमेरिकाका लागि चिरनजंग थापा, बेलायतका लागि गौरवशमशेर जबरा र जर्मनीका लागि सरु जोशी रहेका छन्।

त्यसैगरी, इजरायलका लागि सुरेशकुमार कर्ण, ओमानका लागि पद्माक्षी राणा, दक्षिण कोरियाका लागि संगम श्रेष्ठ, स्पेनका लागि प्राप्ति शेरचन र श्रीलंकाका लागि डा. मञ्चला झाको नाम अनुमोदन भएको छ।मलेसिया, जापान र साउदी अरेबियाका लागि प्रस्तावित क्रमशः चूडामणि खरेल, जिज्ञानकुमार थापा र गिरिबहादुर सुनारको नामबारे भने समितिको निर्णय सार्वजनिक हुन बाँकी रहेको छ।

राजदूतका लागि प्रस्तावित व्यक्तिहरूको संसदीय सुनुवाइपछि समितिले उनीहरूको नाम अनुमोदन गर्ने वा नगर्ने निर्णय लिने व्यवस्था छ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४